## कृतज्ञता

अध्ययन अन्वेषण क्रममा सस्नेह पितृवत् परामर्श र विश्वविद्यालयीय नियमानुसार निर्देशन प्रदान गर्नुहुने पूज्यपाद गुरुवर श्री लक्ष्मीकान्त शर्मा, विभागाध्यक्ष तथा रिडर, नेपाली विभाग, उत्तरबङ्ग विश्वविद्यालय, प्रति मेरो चिर आभार शब्दातीत छ ।

प्रबन्धको प्रारुप गठन गर्दा बहुमूल्य परामर्श दिनुहुने गुरु डा० घनश्याम नेपालप्रति कृतज्ञता प्रकट गर्दछु ।

विद्यालय तहदेखि महाविद्यालयलगायत विश्वविद्यालयसम्मको अध्ययन - क्रममा साहित्यतिर बढी चासो जन्माउनमा सहयोग दिनुहुने समस्त गुरुजनप्रति सादर आभारी रहँदै डा० तुलसीबहादुर छेत्री र डा० भीमकान्त उपाध्यायप्रति सभक्ति कृतज्ञता टक्र्याउँदछु ।

शोधकार्यको अवधिमा मलाई आर्थिक अनुदान दिई धन्य तुल्याउने विश्वविद्यालय अनुदान आयोगप्रति आभार व्यक्त नगरी सक्दिनँ ।

शोधकार्यकालमा उपयुक्त पुस्तकहरू उपलब्ध गराइदिनुहुने पारसमणि शोध पुस्तकालयका अधिपति श्री नगेन्द्रमणि प्रधान तथा इतिहास विभाग, त्रिभुवन विश्वविद्यालय, नेपालका रिडर श्री विजयकुमार मानन्धरप्रति हार्दिक कृतज्ञता प्रकट गर्दछु ।

जीवनको अन्तिम अवस्थासम्म मेरो अन्वेषणकार्यमा चासो राख्नुहुने अजा दिवङ्गत रुद्रमणि प्रधान, जो मृत्योत्तर पनि मेरो पार्श्व- प्रेरणा हुनुहुन्छ,- प्रति सादर श्रद्धाञ्जलि व्यक्त गर्दछु ।

तत्त्वान्वेषी विषयका कुशल अध्येता तथा साहित्यका सहृदयी पाठक मेरा पूज्यपाद प्रपितामहद्वय दिवङ्गत श्री देवनारायण प्रधान र दिवङ्गत श्री चन्द्रनारायण प्रधानप्रति अपार भक्ति प्रकट नगरी मेरो ज्ञानसम्बन्धी कुनै उपासना पनि सार्थक हुँदैन । उनीहरूका साथै जीवनमा अध्ययनानुकूल वातावरण दिनुहुने दिवङ्गत परमपूज्य बज्यै र मुमालगायत पूज्यपाद बुवा, चमा र स्नेहास्पद भाइलाई अगाध कृतज्ञता प्रकट गर्दछु । यसै अवसरमा मेरो जीवन- सङ्गिनी श्रीमती निर्मला प्रधानलाई कसरी विस्मृत गर्नसक्दछु र, जसको मौन साधनाको मूल्य मेरो लागि अत्यन्तै महत्वपूर्ण हुनगएको छ।

विश्वविद्यालय - प्राङ्गणमा नितान्त वात्सल्यपूर्वक मेरो अन्वेषणमा ओज दिनुहुने गुरुपत्नी मुमा श्रीमती चन्द्रकुमारी शर्माप्रति सभक्ति कृतज्ञता अर्पण गर्दछु ।

सफलतापूर्वक टङ्कनकार्य सम्पन्न गरिदिनुहुने श्री प्रेम चित्रकारज्यूलाई पारिश्रमिक मात्र दिएर नपुग्ने हुनाले कृतज्ञता पनि व्यक्त नगरी सक्दिन । "प्रुफ" - कार्यमा सहयोग गर्ने प्रिय बहिनी प्रतिभा मानन्धरको गुण विस्मृतिमा धुमिल हुनेछैन ।

हार्दिक प्रेरणा दिई धन्य तुल्याउनुहुने मेरा सबै अग्रज, अनुज र मित्रगण; औपचारिक सुविधा दिने उत्तरबङ्ग विश्वविद्यालयका अधिकारी र कर्मचारीवर्ग तथा सबै माध्यमप्रति म कृतज्ञ छु ।

अन्ततोगत्वा, ती साहित्य - मनीषीहरू, जसका कृतिहरूबाट मलाई ग्रन्थ प्रणयनमा सहायता प्राप्त भएको छ, उनीहरूप्रति सश्रद्धा कृतज्ञता ज्ञापन गर्दछु ।

दिवाकर प्रधान

( दिवाकर प्रधान )
शोधार्थी